# सहकारी सम्बन्धी साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

(बागमती प्रदेश सरकार,सहकारी तथा गरिबी निवारण मन्त्रालयको (मा. मन्त्रीस्तर) को निर्णयबाट मिति २०८२/०७/१९ मा स्वीकृत)

बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

हेटौंडा, नेपाल

## सहकारी सम्बन्धी साझेदारी कार्यक्रम  कार्यान्वयन कार्यविधि, २०८२

<u>प्रस्तावना:</u> बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत सहकारी सम्बन्धी साझेदारी कार्यक्रमलाई कानुनी प्रक्रिया पुऱ्याइ सरल र पारदर्शी वनाई कार्यान्वायन गर्न वान्छनीय भएकोले, प्रदेश विनियोजन ऐन २०८२ को दफा ११(२) बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "सहकारी सम्बन्धी साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यविधि" भन्नाले "सहकारी सम्बन्धी साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२" लाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "साझेदारी कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट कार्यान्वयन हुने स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत लागत साझेदारीमा मन्त्रालयले सञ्चालन गर्ने योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ८ को (१) उपदफा बमोजिम गठित मन्त्रालय स्तरीय कार्यक्रम कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ङ) "सहकारी संघ" भन्नाले बागमती प्रदेशभित्रका प्रदेश सहकारी संघ, विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघ सम्झनु पर्छ ।

(च) "सहकारी संस्था" भन्नाले बागमती प्रदेशमा दर्ता भएका सहकारी संस्थाहरु सम्झनु पर्छ।

मा. [illegible] (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

## परिच्छेद-२
## उद्धेश्य र मार्गदर्शक सिद्वान्त

३. **कार्यविधिको उद्धेश्यः** (१) यो कार्यविधिका उद्धेश्यहरु देहायअनुसार रहेकाछन्:

क) साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमहरु सञ्चालनका लागि मापदण्ड र प्रक्रिया निर्धारण गर्नु

ख) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवस्थापकीय आधारहरु तयार गर्नु ।

४. **मार्गदर्शक सिद्धान्तहरुः** (१) साझेदारी कार्यक्रम सञ्चालका लागि देहायका विषयहरु मार्गदर्शक सिद्धान्तको रुपमा रहेकाछन्:

क) कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शिता, जनसहभागीताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले गरी लाभग्राहि समुदायलाई अधिकतम लाभ र रोजगारीका अवसरहरु सिर्जना हुने गरी संचालन गरिनेछ ।

ख) कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई नकारात्मक प्रभाव नपर्ने गरि र वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

ग) कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ र नियमावली, २०७६ र बागमती प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, २०७८ सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

घ) संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

ङ) स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

च) विभिन्न गतिविधीहरु संचालन तथा कार्यान्वयन गर्न सहयोग गर्ने क्रममा प्राप्त हुने विभिन्न गुनासो तथा सरोकारहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ ।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-२
## उद्धेश्य र मार्गदर्शक सिद्दान्त

३. **कार्यविधिको उद्धेश्यः** (१) यो कार्यविधिका उद्धेश्यहरु देहायअनुसार रहेकाछन्:

क) साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमहरु सञ्चालनका लागि मापदण्ड र प्रक्रिया निर्धारण गर्नु

ख) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवस्थापकीय आधारहरु तयार गर्नु ।

४. **मार्गदर्शक सिद्धान्तहरुः** (१) साझेदारी कार्यक्रम सञ्चालका लागि देहायका विषयहरु मार्गदर्शक सिद्धान्तको रुपमा रहेकाछन्:

क) कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शिता, जनसहभागीताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले गरी लाभग्राहि समुदायलाई अधिकतम लाभ र रोजगारीका अवसरहरु सिर्जना हुने गरी संचालन गरिनेछ ।

ख) कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक तथा साँस्कृतिक पक्षलाई नकारात्मक प्रभाव नपर्ने गरि र वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

ग) कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ र नियमावली, २०७६ र बागमती प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, २०७८ सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

घ) संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।

ङ) स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

च) विभिन्न गतिविधीहरु संचालन तथा कार्यान्वयन गर्न सहयोग गर्ने क्रममा प्राप्त हुने विभिन्न गुनासो तथा सरोकारहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ ।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरीबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-३
## साझेदारी कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कार्यक्रम छनौट सम्बन्धी व्यवस्थाः** (१) साझेदारी कार्यक्रमको लागि बजेट तथा कार्यक्रममा भएको व्यवस्था र योजना तथा कार्यक्रमको उद्देश्य र परिधिभित्र रहि प्रचलित कानुन बमोजिम कार्यक्रम छनौट गरिनेछ ।

(२) साझेदारी कार्यक्रम प्रदेशिभित्रका सहकारी संघ-संस्थासँगको सहकार्य तथा साझेदारीमा सञ्चालन गरिनेछ।

(३) साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि माग गरिने प्रस्तावको ढाँचा अनुसूची-१ वमोजिम हुनेछ।

(४) साझेदारी कार्यक्रम सञ्चालनका लागि सम्बन्धित संघ/संस्थाले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः

क) साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने संघ वा संस्थाले संघ/संस्थाको दर्ता, नवीकरण, करचुक्ता, पछिल्लो दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्य अनुभव पत्र, विधान (विधान हुनेको हकमा) को प्रस्ताव समेत कार्यक्रम प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

ख) सहकारी संस्थाको हकमा सुशासन एवं सहकारीका सिद्धान्तहरुको परिपालना गरे/नगरेको,रकम अपचलन नगरेको र उजुरी नपरेको सम्बन्धमा सहकारी महाशाखाबाट सिफारिस हुनुपर्नेछ ।

ग) साझेदार संघ वा संस्थाको सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ।

घ) साझेदारीका लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने पर्याप्त आधार पेश भएको हुनुपर्नेछ। साथै सोका लागि सञ्चालक समिति वा संस्थाको निर्णय भएको हुनुपर्नेछ ।

ङ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य र उद्देश्यसहितको प्रस्ताव पेश गरेको र लक्ष्य र उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप तय गरेको हुनुपर्नेछ। साथै भविष्यमा प्राप्त हुने उपलब्धी र प्रभावसहित कार्यक्रम कार्यतालिका प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

च) कार्यक्रम प्रस्ताव पेश गर्दा लागत सहभागिताको प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ।

६. **कार्यक्रम सञ्चलानका लागि सम्झौता र भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) साझेदारी कार्यक्रमको सम्झौता अनुसूचि २ बमोजिम हुनेछ ।

(२) सम्झौता पश्चात् साझेदार पक्षले कार्यक्रम सञ्चालनको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

(३) साझेदार संघ संस्थाले तोकीएको अवधिभित्र कार्यसम्पन्न गर्नुपर्नेछ ।

(४) सम्झौता पश्चात कुल बजेटको २० प्रतिशत रकम कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संघ तथा संस्थाले पेश्की प्राप्त गर्न सक्नेछ ।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

(५) संझौतामा तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगती प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, बिल, भर्पाई लगायतका सक्कल प्रमाणीत कागजातका आधारमा पेश्की फर्छ्यौट गरी बाँकी रकम भुक्तानी लिनुपर्नेछ ।

(६) कार्यक्रम सञ्चालन गर्दा लाग्ने कर तथा राजश्व रकम सम्बन्धित द्वितिय पक्षको हुनेछ । बजेट तथा कार्यक्रममा भएको बजेट रकम भन्दा बढी रकम खर्च भएमा सो रकम दोस्रो पक्षले व्यहोर्नुपर्नेछ ।

७. **साझेदारीको हिस्साः** (१) मन्त्रालयसँग साझेदारी गर्न चाहने सहकारी संघ-संस्थाहरुले कम्तिमा २० प्रतिशत बराबरको लागत साझेदारी गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ र अन्य प्रचलित कानुन बमोजिमको प्रकिया अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद-४

## कार्यक्रम व्यवस्थापनमा लागि संरचनात्मक व्यवस्था

८. **कार्यक्रम कार्यान्वयन समितिः (१)** साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा सहजीकरणका लागि देहाय बमोजिमको मन्त्रालय स्तरीय कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय | -संयोजक |
| ख) महाशाखा प्रमुख, सहकारी तथा गरिबि निवारण महाशाखा, मन्त्रालय | -सदस्य |
| ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| घ) शाखा प्रमुख, आर्थिक प्रशासन | -सदस्य |
| ङ) शाखा प्रमुख, योजना हेर्ने | -सदस्य सचिव |

(२) समितिको वैठकमा सम्वन्धीत अधिकृत र विज्ञलाई आमन्त्रित गर्न सकिनेछन् ।

९. **समितिको काम कर्तव्य र अधिकारः** (१) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) कार्यविधिको व्यवस्था बमोजिम कार्यक्रम सञ्चालन गर्ने र सञ्चालनका लागि सहजीकरण गर्ने ।

ख) साझेदारी कार्यक्रम सञ्चालनको लागि आएका प्रस्तावको संघ तथा संस्थाको दर्ता, नवीकरण, करचुक्ता, पछिल्लो दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यअनुभव पत्र, विधान, वित्तीय विवरण तथा उपलब्ध जनशक्तिको आधारमा मुल्यांकन गरी मन्त्रालय समक्ष पेश गर्ने ।

ग) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय कार्य एवं समन्वय र सहजीकरण गर्ने ।

घ) कार्यक्रम कार्यान्वयन मन्त्रालय वा साझेदार पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

ङ) साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धमा मन्त्रालय समक्ष सुझावहरु पेश गर्ने ।

च) संघ/संस्था तर्फ जिम्मेवारी किटान गरी प्रतिवेदन अद्यावधिक गर्ने

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

१०. **कार्यक्रमको अनुगमन तथा मुल्यांकनः** (१) साझेदारी कार्यक्रमको अनुगमन देहायबमोजिम हुनेछः

क) साझेदारी कार्यक्रमको अनुगमन मन्त्रालयबाट हुनेछ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि मन्त्रालयले अनुगमन सूचकसहितको चेकलिस्ट तयार गरी कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनगर्नेछ।

## परिच्छेद-५

## विविध

११. **प्रतिवेदनः** साझेदारी कार्यक्रम सञ्चालन गर्ने संस्थाले कार्यक्रम सम्पन्न भए पछि प्रगती प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

१२. **खर्चको सिमाः** (१) साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शिर्षकहरु बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन। यदि यस्तो कार्य गरेको पाइएमा रकम कट्टा वा रोक्का राख्न सकिनेछ ।

(२) साझेदारी कार्यक्रमको सम्झौताबमोजिम काम नगरेमा, समयमा काम सम्पन्न नगरेमा वा गुणस्तरहीन काम गरेमा सम्झौताबमोजिमको कार्यक्रम खर्च, बिल तथा भर्पाई भुक्तानी हुने छैन ।

१३. **पारदर्शिताः** (१) साझेदारी कार्यक्रमको आम्दानी खर्च साझेदार पक्षले सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, कार्यान्वयन, अनुगमन र मुल्यांकन गर्दा जनसहभागितामुलक विधिको अवलम्बन गर्नुपर्नेछ ।

१४. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नुपर्नेछ।

१५. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** कार्यक्रम गर्ने संस्थाले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा पेश्की स्वरुप दिइएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१६. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

१७. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई र अन्य विषयमा मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**मा. बिनु रायमाझी (पौडेल)**
**मन्त्री**

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी ... मन्त्रालय
हेटौं...

अनुसूची-१

**कार्यक्रम प्रस्तावको ढाँचा**

(दफा को ५ को उपदफा (३) सँग सम्बन्धित)

श्री सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल।

विषयः कार्यक्रम प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

क) कार्यक्रम प्रस्तावः

ख) संघ संस्थाको नामः

ग) कार्यक्रमको नामः

घ) कार्यक्षेत्रः

ङ) गत आ.व.मा मन्त्रालयसँग साझेदारीमा कार्यक्रम गरेको भए सोको विवरण

रकमः

स्थानः

कार्यक्रमः

च) कार्यक्रमको अवधिः

छ) पृष्ठभुमीः

ज) कार्यक्रमको औचित्यः

झ) लक्ष्य र उद्देश्यः

ञ) कार्यक्रमको लागत अनुमानः (सार्वजनिक खरिद ऐन/नियम, मापदण्ड, जिल्ला दररेटका आधारमा)

ट) लाभान्वित क्षेत्र र संख्याः

ठ) कार्यक्रम कार्यान्वयन विधिः

ड) अपेक्षित उपलब्धी र प्रभावः

ढ) अनुगमन तथा मुल्यांकनः

ण) पारदर्शिताः

त) दिगोपनाः

थ) कार्यक्रम प्रतिवेदनः

**मा. बिनु रायमाझी (पौडेल)**
**मन्त्री**

द) कार्यक्रमको आयोजक:

- मुख्य व्यक्ति
- नामथर
- ठेगाना
- सम्पर्क नं.
- हस्ताक्षर

ध) वित्तीय कारोबार गर्ने

- व्यक्तिको नामथर
- ठेगाना/सम्पर्क नं.

न) संस्थाको संलग्न कागजात

- सञ्चालक समितिको निर्णय
- गत आ.व.को लेखापरीक्षण प्रतिवेदन
- करचुक्ता
- बजारबाट खरिद गर्नुपर्ने भए सोको लागत अनुमान
- सहभागी संख्या प्रारम्भिक सहभागी प्रतिनिधि विवरण
- अद्यावधिक विवरण

प्रस्तावक

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-२

## कार्यक्रम सम्झौताको ढाँचा

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेश हेटौंडाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक ....................................कार्यक्रम सञ्चालन गर्न यस मन्त्रालयको मिति ................ को निर्णयानुसार बागमती प्रदेश, सहकारी तथा गरिबी निवारण मन्त्रालय (यस पछि प्रथम पक्ष भनिने) र ................................(यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि उक्त कार्यक्रम कार्यविधि बमोजिम संचालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

<u>शर्तहरु:</u>

१. प्रथम पक्षले ....................................कार्यक्रम/तालिम सञ्चालनका लागि जम्मा बजेट रु. ...................... रकम दोश्रो पक्षलाई प्रदान गर्नेछ। प्राप्त रकममा नियमानुसार लाग्ने कर दोस्रो पक्षले भुक्तानी गरि सोको निस्सा उपलब्ध गराई आम्दानी बाँधी कार्यक्रमको उद्देश्य बमोजिम खर्च गर्नु पर्नेछ ।

२. बुँदा नं. १ मा उल्लेखित कार्यक्रम दोश्रो पक्षले तोकिएको समयभित्र सम्पन्न गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिमको बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

४. कार्यक्रम संचालनको लागि दोश्रो पक्षले प्रशिक्षक लगायत कार्यक्रममा आवश्यक सम्पूर्ण व्यवस्थापन आफैले गर्नु पर्नेछ ।

५. कार्यक्रम कुन स्थानमा गर्ने हो त्यसको मिति, समय सहितको जानकारी ......... अगावै दोश्रो पक्षले प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम उल्लेख गरिएको विवरण सार्वजनिक गर्नु पर्नेछ।

७. प्रथम पक्षले कुनै पनि समयमा संचालित कार्यक्रमको अनुगमन/निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. अनुगमन/निरीक्षण प्रतिवेदनबाट सहयोग रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संघ/संस्थाका सदस्य तथा पदाधिकारीको घरघरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा, नेपाल

९. दोश्रो पक्षले प्राप्त सहयोग रकमको प्रचलित कानून बमोजिम अभिलेख राखी लेखा परिक्षण गराई साधारण सभाबाट अनुमोदन पश्चात प्रथम पक्षकोमा सोको प्रतिवेदन पठाउनु पर्नेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ ।

११. कार्यक्रम सञ्चालनका दौरानमा कुनै बुँदा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. दोश्रो पक्षले कार्यक्रम सम्पन्न गरी .................................भित्र कार्यक्रम प्रगती प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन सहित खर्चको सक्कलै सम्पूर्ण कागजात समेतका बिल भर्पाई र सहभागीको विवरण समेत प्रथम पक्षकोमा पठाउनु पर्नेछ ।

१३. यसरी कार्यान्वयन हुने कार्यक्रमको सन्दर्भमा मन्त्रालय र मातहत निकायबाट प्रतिनिधि अनिवार्य रुपमा हुनुपर्नेछ ।

<u>पहिलो पक्षको तर्फबाट</u>

दस्तखत :

नाम :

पद :

कार्यालय : सहकारी तथा गरिबी निवारण मन्त्रालय, हेटौंडा

कार्यालयको छाप :

<u>दोश्रो पक्षको तर्फबाट</u>

दस्तखतः

नामः

पदः

कार्यालयः

संघ/संस्थाको छाप :

<u>रहोवर</u>

दस्तखतः

नामः

पदः

कार्यालयः

ईति सम्वत् ......... साल ....महिना .... गते रोज .... शुभम् ।

मा. बिनु रायमाझी (पौडेल)
मन्त्री

बागमती प्रदेश
सहकारी तथा गरिबी निवारण मन्त्रालय
हेटौंडा

## अनुसूची-३
## कार्यक्रम प्रगती प्रतिवेदनको ढाँचा
(दफा ११ सँग सम्बन्धित)

१. कार्यक्रमको नामः-

२. विनियोजित बजेटः-

३. लागत अनुमानः-

४. पेश्की बापत प्राप्त रकमः-

५. साझेदारीमा हिस्सा रकमः-

६. कार्यक्रम उपस्थिती व्याख्याः-

क) प्रमुख उपस्थितीः

ख) विवरणः

ग) स्थानः

७. कार्यक्रमको पृष्ठभुमीः-

८. कार्यक्रमको लक्ष्य र उद्देश्यः-

९. कार्यक्षेत्रः-

१०. कार्यान्वयन प्रक्रियाः-

११. सम्पन्न क्रियाकलापः-

१२. उपलब्धीः-

१३. सुधारात्मक पक्ष र सिकाईः-

१४. समस्या तथा चुनौतीहरुः-

१५. समस्या सम्वोधनका उपायहरुः-

१६. निष्कर्षः-

मा. बिनु रायमाझी (पौडेल)

मन्त्री

बागमती प्रदेश ...
सहकारी तथा गरिबी निवा...
हेटौं...